# १३ १ र २ पत्रुसको मूल विषयबस्तुहरु

*यस अध्यायका मूल पदहरू:* यशैया ५३:५,६,९, लेबी १६:१६-१९, लेवी ११:४४, रोमी १३:१-७, १ कोरन्थी १४:४० र २ तिमोथी ३:१६।

***यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:*** **"हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ।" (१ पत्रुस २:२४ नेपाली सरल बाइबल)। "क्रुसमा हामीहरूका पापहरू उहाँ आफैले आफ्नो शरीरमा बोक्नुभयो (यशैया ५३:५)। पापको मामिलामा हामी मरोस भनेर त्यो काम उहाँले गर्नुभयो। अनि हामी इस्वरीय वा धर्मी जीवन बिताउन सक्नेछौं। उहाँका घाउहरूले तिमीहरूलाई निको पारियो" (यशैया ५३:५)" (१ पत्रुस २:२४ न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन बाइबल)।**

**दैनिक व्यवहारिक जीवनमा विश्वासीहरूले सामना गर्नुपरेका समस्याहरूलाई सहयोग पुऱ्याउन पत्रुसले प्रथम् दुई पत्रहरू लेखेका थिए।** इसाईहरूले सामना गर्नुपरेका सतावट नै ठूलो विषयबस्तु थियो। ती सतावटसँग कसरी सामना गर्ने भनेर पत्रुसले विश्वासीहरूलाई सिकाएका थिए। पहिलो ठूलो सतावट त इसाई भनाउँदा झुटा धर्मगुरूहरू नै थिए जसलाई लिएर पत्रुसले २ पत्रुसमा सम्बोधन गरेका थिए।

चाहे बाहिरबाट शारीरिक सतावट होस् वा भित्रीबाट आत्मिक तथा मानसिक सतावट होस्, त्यसको समाधान बाइबलले देखाएको सत्यता नै हो भनेर पत्रुसले औंल्याएका थिए। सतावटबाट ल्याएको दुःखकष्टले येशूको दुःख र मृत्युलाई याद दिलाउँछ भनेर पत्रुसले सोच्दछन्। येशूलाई विश्वास गऱ्यो भन्दैमा सबै ठिक हुन्छ भन्ने छैन तर दुःखकष्टका अनुभवहरूले हामीलाई मुक्तितिर डोऱ्याउँछ भन्ने धारणा पत्रुसको छ। असत्य धर्मगुरूहरूले न्यायको सामना गर्नुपर्नेछ भनेर पत्रुसले भन्दछ। तर तिनीहरूको निर्णायक न्याय त्यसबेला हुनेछ जब हजारवर्षपछि मुक्तिपाएकाहरूको साथमा येशू यस संसारमा तेस्रो पटक आउनुहुनेछ।

यस अध्ययन पुस्तकको अन्तिम अध्यायमा हामीले पत्रुसले सम्बोधन गरेका मूख्य पाँच विषयबस्तुहरूलाई अझ नियालेर हेर्नेछौंः (१) येशूले

पाउनुभएको दुःखकष्टले गर्दा हामीले पाएको मुक्ति। (२) अन्तिम न्यायको समयमा हामीहरूका क्रियाकलापलाई परमेश्वरले न्याय गर्नुहुनेछ भन्ने सत्य आत्मज्ञान।(३) हामीमा भएको येशू खीष्टको छिटो आगमनको आशा (४) चर्च र समाजमा हुनुपर्ने व्यवस्थित नीति (५) र बाइबललाई हामीले अर्थमूलक जीवन बिताउने मार्गदर्शकको रूपमा लिनुपर्ने आवश्यकता।

## १. दुःखकष्ट, येशू, र मुक्ति (१ पत्रुस २:२२-२५)

मुक्तिको बारेमा सिकाइएका देहायका केही पदहरू पढ्नुहोस्:

१ पत्रुस १:२ "येशू खीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरूलाईः अनुग्रह र शान्ति प्रशस्त हुँदैजाओस्।

१ पत्रुस १:८,९ "८ तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ। ९ तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ।

१ पत्रुस १:१८,१९ "१८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो खीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ।"

१ पत्रुस २:२२-२५ "२२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" २३ तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। २४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"

१ पत्रुस ३:१८ "१८ किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन खीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो, धर्मी जन अधर्मीहरूका निम्ति, तर आत्माद्वारा जीवित पारिनुभयो।"

पापीहरूको सट्टामा येशूले दुःख पाउनुभएको भनेर जब जब पत्रुसले उल्लेख गर्दछन् तब तब उनले त्यसलाई हामीहरूको मुक्तिसँग गाँस्दछन्। उदाहरणमा, १ पत्रुस २:२२-२४मा येशूको दुःखको बारेमा पत्रुसले चर्चा गर्छन्। त्यसबेला उनले यशैया ५३:५,६,९मा लेखिएका शब्दहरूको प्रतिध्वनी गर्छन्। पत्रुसद्वरा लेखिएका शब्दहरूमा बलि र बिकल्पको चित्रण गरिएको पाइन्छ।

पुरानो करारमा धेरै थरिका बलिहरूलाई उल्लेख गरिएको छ। पापीहरूले तिनीहरूका भेटी वा पशुहरू मन्दिरमा ल्याउँथे। अनि तिनीहरूले ती पशुहरूको शिरमा हात राख्दथे। त्यो काम एक प्रतीकको रूपमा थियो। त्यसको अर्थ तिनीहरूले गरेको पाप तिनीहरूबाट पशुमा हस्तारण भएको देखाउँथ्यो। अनि पशुलाई बलि चढाइन्थ्यो जसको अर्थ पापले गर्दा मानिस मर्नुपर्ने ठाउँमा पशु मरेको देखाइएको थियो (लेवी ४:२९,३०,३३,३४, लेवी १४:१०-१३)। बेदीमा पोखाइएको रगतचाहीँ पापको प्रतीक वा चिन्ह थियो। अनि वर्षको एक फेरा हुने पश्चातापको पर्बमा त्यो बेदी सफा गरिन्थ्यो जसको अर्थ पाप त्यहाँबाट हटेको देखाउँथ्यो (लेवी १६:१६-१९)।

बलिको रगतको मूख्य भागले पापको निम्ति मोल तिरेको देखाइन्थ्यो। त्यसै अनुरूप प्रत्येक व्यक्ति जसले येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्छ त्यो व्यक्ति येशूको अमूल्य रगतले किनिएको हुन्छ भनेर पत्रुसले बताउँछन् (१ पत्रुस १:१८,१९)। पापीको बिकल्पमा येशू मर्नुभएको त्यही धारणा पावललको पनि भएको पाइन्छ। येशूलाई पाप थाहा थिएन वा पापसँग येशूको सरोकार थिएन भनेर उनले भन्दछन्। तर उहाँ हाम्रो निम्ति पाप हुनुभयो (२ कोरन्थी ५:२१)। पत्रुसले पनि यही भन्दछन् कि येशू ख्रीष्टले हामीहरूको पापको निम्ति दुःख भोग्नुभयो। हामी अपवित्रको निम्ति उहाँ पवित्र व्यक्तिले दुःख पाउनुभयो।

पावलले जस्तै (रोमी ३:२१,२२), पत्रुसले पनि हामीमा विश्वास तथा आस्थाको अपरिहार्यता (आवश्यकता)को चर्चा गर्छन् (१ पत्रुस १:८,९)। हामीहरूको धर्मकर्म (रितिरिवाज) अर्थात् भक्तिपूर्ण आचरणले हामीले मुक्ति आर्जन गर्दैनौं भनेर पत्रुसले जिकिर गर्दछन्। बरू जब येशूले हामीहरूको निम्ति के गर्नुभयो र उहाँलाई हामीले हामीहरूको व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गर्छौं तब परमेश्वरले हामीलाई मुक्ति प्रदान गर्नुहुन्छ भन्ने धारणा पत्रुसको छ। हामी आफैमा मुक्ति भेट्टाउन्दैन।

तपाईंको बिकल्पमा येशू मर्नुभयो। उहाँ हामीहरूको मुक्तिको आशा किन हुनुभयो? त्यस अचम्मको सत्य आत्मज्ञानबाट तपाईंले कस्तो आनन्द र सान्त्वना खिँच्न सक्नुहुन्छ?

## २. यस पापैपापले भरिएको संसारमा हामी कसरी जिउने? (२ पत्रुस ३:१०,११)

अरू कुनै विषयबस्तुभन्दा एक विशेष विषयबस्तु छ जसलाई पत्रुसले दोहोऱ्याइतेहेऱ्याइ उल्लेख गर्दछन्। त्यो विषयबस्तु उनले २ पत्रुस ३:१०,११मा प्रश्न गरेकोमा पाइन्छः "प्रभुको दिन चोर जस्तै गरेर आउनेछ...त्यो थाहा पाएर तिमीहरू कस्ता खालका मानिस हुनुपर्छ के तिमीहरूलाई थाहा छ?" (रूपान्तरित)।

**म इसाई हुँ भनेरमात्र दावी गरेर नपुग्ने रे! यदि कोही इसाई हुँ (वा जय मसीह भन्छन् भने) पत्रुसको अनुसार प्रत्येक इसाईको जीवनशैली वा आचरण कस्तो हुनुपर्छ भनेर देहायका केही पदहरूले कसरी बताउँछन्? सोचेर पढ्नुहोस्: १ पत्रुस १:१५-२३ "१५ तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, १६ किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।" १७ पनपक्ष (पक्षपात) नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौ भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। १८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्टयाइएका होइनौ।१९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्। २२ अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर। २३ परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ।", १ पत्रुस २:१-६ "१ यसकारण सबै दुष्टता, सबै छल-कपट र ईर्ष्या, र सबै निन्दाहरूलाई त्याग। २**

नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ। ३ किनकि प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरूले पाएका छौ। ४ उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ। मानिसहरूबाट इन्कार हुनुभएको, तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। ५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरू झैं आत्मिक घर बन्दैजाओ। ६ किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने-ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्नेछैन।", १ पत्रुस ३:८-१२ "८ अन्त्यमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई सहानुभूति देखाओ, भातृ-प्रेम गर, कोमल हृदयका होओ, र नम्र मनका होओ। ९ खराबीको बदला खराबी नगर्ने अथवा अपमानको बदला अपमान नदिने, बरु त्यसको सट्टामा आशिष् दिने होओ, किनकि यसैको लागि तिमीहरू बोलाइएका छौ, कि तिमीहरूले आशिष् प्राप्त गर्न सक। १० किनकि, "जसले जीवनलाई प्रेम गर्छ, र असल दिनहरू देख्ने इच्छा गर्दछ, त्यसले आफ्नो जिब्रोलाई खराबीबाट र आफ्ना ओठलाई छली कुरा बोल्नबाट अलग राखोस्। ११ त्यो खराबीबाट फर्कोस् र असल गरोस्, त्यसले शान्तिको खोजी गरोस् र त्यसको पछि लागोस्। १२ किनकि परमेश्वरको नजर धर्मात्माहरूमाथि रहन्छ, र उहाँका कान तिनीहरूका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ।" र "१ पत्रुस ४:७-११ "७ सबै कुराको अन्त्य नजिकै आएको छ। यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो। ८ सबैभन्दा बढ़ी एक-अर्काप्रति तिमीहरूको प्रेम अटूट रहोस्। किनकि प्रेमले नै असंख्य पापहरू ढाक्तछ। ९ विनागनगन एउटाले अर्काको अतिथिसत्कार गर। १० जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर। ११ यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस्। यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस्। उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस्। आमेन।"

इसाईहरूको आदर्श व्यवहार वा आचरण कस्तो हुनुपर्छ भनेर आफ्ना दुई पत्रहरूद्वारा पत्रुसले केलाएर लेख्दछन्। प्रत्येकपल्ट उनले त्यसको बारेमा

उल्लेख गर्दा त्यही विशेष बस्तुहरूलाई उनले दोहोऱ्याउँछन्। पहिला, परमेश्वरको न्याय र इसाईहरूको आचरणको वीचमा भएको सम्बन्ध उनले औंल्याउँछन् (१ पत्रुस १:१७ र २ पत्रुस ३:११)। अर्थात् परमेश्वरले प्रत्येक मानिसको क्रियाकलापहरूको लेखाजोखा गर्नुहुन्छ त्यसकारण यदि कोही इसाई हुँ भनेर दावी गर्छन् भने त्यो व्यक्तिको जीवन पवित्र हुनुपर्छ।

दोस्रो, इसाईहरू पवित्र हुनुपर्छ भनेर पत्रुसले धेरैपल्ट उल्लेख गरेका छन्। हिब्रू बाइबल वा पुरानो करारमा पवित्र थोक भनेको कुनै बस्तुहरू हुन् जसलाई मन्दिरको उपयोगको निम्ति अलग राखिएको हुन्छ (प्रस्थान २६:३४, प्रस्थान २८:३६ र प्रस्थान २९:६,३७)। वा परमेश्वरको महिमाको उद्देष्यको निम्ति त्यो छुट्याइएको हुन्छ (उदाहरणमा, शब्बाथ, उत्पत्ति २:३)। आफू पवित्र भएको जस्तै परमेश्वरका जनहरू पनि पवित्र होस् भन्ने उहाँको योजना थियो (लेवी ११:४४, लेवी १९:२)। पत्रुसले पनि त्यही विषयबस्तुलाई दोहोऱ्याउँछन् (१ पत्रुस १:१५,१६)। कुनै कुरो पवित्र राख्न अलग गरिएको थोकलाई "शुद्ध पारिएको" भनिन्छ। र आफ्ना पाठकहरू पवित्र हुन अलग भएको होस् भन्ने पत्रुसको चाहना हो। तर आफ्नै अथक प्रयासले होइन बरू पवित्र आत्माले नै पवित्र हुन चाहने व्यक्तिलाई अलग राख्नुहुन्छ। जब परमेश्वरको निम्ति त्यो अलग वा पवित्र हुन्छ तब पवित्र आत्माले येशूका वचनहरू पालन गर्न शक्तिसम्पन्न गराउनुहुन्छ (१ पत्रुस १:२)।

तेस्रो, जो व्यक्ति येशूमा पवित्र वा चोखो भएर बसेको हुन्छ त्यो व्यक्तिको उचित आचारशैली कस्तो हुनुपर्छ भनेर पत्रुसले केही विस्तृतरूपमा लेख्दछन् (१ पत्रुस २:१)। विश्वासीहरूको बीचमा एक भएर गाँसिएर बस्नुपर्छ। तिनीहरू एक आपसमा प्रेम गर्नुपर्छ। तिनीहरूको दिमाग घमण्ड, आफ्नो भाऊ खोज्ने वा अहँले भरिएको हुँदैन तर नम्रताको गुणले भरिएको हुनुपर्छ (१ पत्रुस ३:८ रूपान्तरित)। तिनीहरू असल, धर्मी, प्रेम गर्ने र प्रेमिलो हुनुपर्छ (२ पत्रुस १:५-७)। हो, हरदम तिनीहरूले सबैलाई सबै समयमा प्रेम देखाइरहनुपर्छ अर्थात् तिनीहरूको स्वभाव प्रेमले लिप्त हुनुपर्छ (१ पत्रुस ४:७-११)। अन्तमा, पत्रुसले पाठकहरूलाई यो अनुरोध गर्दछन् कि तिनीहरूको सबै चिन्ताफिक्री र चाहनाहरूलाई येशूलाई सुम्पिदेओस् (१ पत्रुस ५:७)।

**कसैको आलोचना नगरि, कसैलाई नहोच्याइ, न्यायको नाउँमा अरूलाई गिराउने मनोबृत्ति नभै र न्याय नगरि बरू हौशला दिने गुण हामीहरूले कसरी**

सिक्ने? पत्रुसले आफ्ना पत्रहरूमा उल्लेख गरेका प्रत्येक इसाईको आदर्श जीवनशैली बिताउन हामीले कसरी सिक्ने?

## ३. येशूको दोस्रो आगमनमा आशा (२ ३:१-१०)

देहायका पदहरूमा भविष्यमा हुने घट्नाहरूको बारेमा कसरी खोलिएको छ? हेर्नुहोस्:

१ पत्रुस १:४ "स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्।" १ पत्रुस १:१७ "पनपक्ष (पक्षपात) नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौ भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ।"

१ पत्रुस ४:४-६ "४ तिमीहरू तिनीहरूसँग भ्रष्टताको बाटोमा नहिँड्का देखेर तिनीहरू छक्क पर्छन्, र तिमीहरूको बदख्वाइँ वा खिस्सी गर्छन्। ५ तर जीवित र मृतकहरूका न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरूले लेखा दिनुपर्नेछ। ६ यसैकारण मृतकहरूलाई पनि सुसमाचार सुनाइयो, ताकि तिनीहरूले मानिसहरूजस्तै शरीरमा इन्साफ पाए तापनि आत्मामा तिनीहरू परमेश्वरजस्तै जिऊन्।" १ पत्रुस ४:१७ "किनभने न्याय परमेश्वरकै परिवारबाट सुरु हुने समय आएको छ, र यदि यो हामीबाट सुरु हुन्छ भनेता परमेश्वरको सुसमाचार नमान्नेहरूको अन्त्य झन कस्तो होला?

२ पत्रुस ३:१-१० "१ प्रिय हो, तिमीहरूलाई लेखेको यो मेरो दोस्रो पत्र हो, र दुवै पत्रमा कति कुराको याद दिलाएर तिमीहरूका निष्कपट मनलाई उत्साहित गराएको छु, २ कि पवित्र अगमवक्ताहरूका अगमवाणी र तिमीहरूका प्रेरितहरूद्वारा दिइएको प्रभु र मुक्तिदाताको आज्ञालाई तिमीहरूले सम्झनुपर्छ। ३ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ।" ५ जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो। ६ त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो। ७ तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्। ८ तर प्रिय हो, यो

**एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। ९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्।"**

येशूलाई विश्वास गरेकै कारणले अनेकौं आतङ्कित दुःखकष्ट सामना गरिरहेका पाठकहरूलाई पत्रुसले प्रथम् पत्रमा सतावटसँग कसरी सामना गर्ने भन्ने मूल विषयबस्तु उल्लेख गरेर लेखेका थिए। भविष्यमा तिनीहरूको निम्ति इनाम पर्खिरहेको छ भनेर पत्रुसले आफ्ना पाठकहरूलाई सान्त्वना दिँदछन्। अनेकौं सतावटको कारण तिनीहरूको जीवन कठिन भएतापनि त्यो इनाम कसैले पनि खोस्न सक्नेछैन भनेर पत्रुसले तिनीहरूलाई ढुक्क गराउँछन्।

भविष्यमा दुई मूल घट्नाहरू हुनेछन् भनेर पत्रुसले औंल्याउँछन्: (१) अन्तिम न्याय र (२) आगोबाट हुने दुष्टहरूको नाश। हो, पहिले, अहिले र पछि जहाँपनि येशूमाथि अगाध आस्था राख्नेहरूले सतावट भोग्नु परेको थियो र परिरहेका छन् र परिनैरहनेछन्। तर न्याय र त्यसको फैसला जरुर हुनेछ भनेर पत्रुसले देखाउँदछन्।

पत्रुसले आफ्नो प्रथम पत्रमा परमेश्वरले गर्नुहुने न्यायको बारेमा तिन ठाउँमा उल्लेख गर्दछन् (१ पत्रुस १:१७, १ पत्रुस ४:५,६ र १ पत्रुस ४:१७)। परमेश्वर पिताले कुनै मानिसलाई पक्षपात गर्नुहुन्न भनेर पत्रुसले जिकिर गर्दछन्। मानिसहरूको काम अनुसार संसारका सारा मानिसहरूलाई उहाँले न्याय गर्नुहुनेछ (१ पत्रुस १:१७)। मरेको र जिइरहेकाहरूको न्याय गर्न येशू आफै तयार हुनुहुन्छ भनेर पत्रुसले उल्लेख गर्दछन् (१ पत्रुस ४:५)। परमेश्वरको न्याय परमेश्वरकै घराना वा इसाईहरूबाट सुरू हुन्छ भनेर पत्रुसले भनेकोमा रोचक मान्नुपर्छ (१ पत्रुस ४:१७)। अनि विश्वव्यापी आगोको प्रलयद्वारा अधर्मी तथा दुष्टहरू नाश हुनेछन् भनेर पत्रुसले आफ्ना पाठकहरूलाई जानकारी गराउँछन् (२ पत्रुस ३:७ रूपान्तरित)।

अरू समस्याहरूको मामिलामा पनि पत्रुसले केही समय बिताएको पाइन्छ। येशू ख्रीष्ट साँच्चिकै फर्कनुहुन्छ कि हुँदैन भनेर कतिपयले गरेको शङ्काको समस्याप्रति पनि पत्रुस संवेदनशील भएका थिए (२ पत्रुस ३:१-

११)। येशूको दोस्रो आगमनको ढिलाइको कारणहरू पनि उनले औँल्याएका थिए। धेरै भन्दा धेरै मानिसहरू पापबाट फर्कुन् र मुक्ति पाउन् भन्ने परमेश्वरको चाहनाले गर्दा नै समय थपिरहेको भनेर पत्रुसले भन्दछन्। संसारको अन्तमा न्याय हुन्छ भनेर पत्रुसले जिकिर गरेको पनि हामीलाई थाहा छ। त्यस तथ्य जानकारीले प्रत्येक इसाईहरूले निर्दोष र पवित्र जीवन बिताउन अग्रसर हुनुपर्छ। र हामीहरूले जे सामना गरेपनि हामीहरू मन, वचन, कर्म र विश्वासले हामीहरूको जीवनलाई अघि घचेटिरनु आवश्यक ठानिरहनुपर्छ।

**तपाईंले अहिले जुनसुकै चुनौति वा समस्यहरू सामना गरिरहनुभएतापनि परमेश्वरमाथिको विश्वास र उहाँका वचन पालन गर्न तपाईं किन अग्रसर हुनुपर्छ? त्यसको बिकल्प तपाईंसँग के छ?**

## ४. चर्च र समाज व्यवस्थित ढँगले चलाउनु (१ पत्रुस २:११-२१)

**सरकार र चर्चको नेतृत्वलाई समेटेर पत्रुसले आफ्नो धारणा देहायका पदहरूमा व्यक्त गर्दछन्। सरकार र चर्चका अगुवाहरूले चलाएका प्रशासनमा इसाईहरूको दायित्व के छ भनेर पत्रुसले भन्दछन्? हामी जहाँ रहेतापनि पत्रुसले व्यक्त गरेका वचनहरू हामीहरूको परिस्थितिमा आज पनि लागु हुन किन जरुरी छ?**

१ पत्रुस २:११-२१ "११ प्रिय हो,म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती
गर्दछु, कि विदेशी र प्रवासीहरू हौ भनी जानेर तिमीहरूका आत्माको विरुद्धमा
लड़ाइँ गर्ने शारीरिक अभिलाषाहरूबाट अलग रहो। १२ अन्यजातिहरूका बीचमा
तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी
तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्,
र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरून्। १३ प्रभुको खातिर
मानिसको हरेक शासनको अधीनमा बस, चाहे त्यो सर्वोच्च राजाको होस्, १४
अथवा हाकिमहरूको होस्, जो दुष्ट काम गर्नेहरूलाई दण्ड दिन र असल काम
गर्नेहरूलाई प्रशंसा गर्न उहाँद्वारा खटाइएका हुन्छन्। १५ किनकि परमेश्वरको
इच्छा यही छ, कि असल गरेर नै तिमीहरूले मूर्ख मानिसहरूको अज्ञानतालाई
चूप गराउनुपर्छ। १६ स्वतन्त्र मानिसहरूझैं जीवन बिताओ। स्वतन्त्रतालाई
कुकर्म गर्ने बहाना नबनाओ, तर परमेश्वरका दासहरूझैं भएर चल। १७ सबै
मानिसहरूलाई आदर गर। भाइबन्धुलाई प्रेम गर। परमेश्वरसँग डराओ।

राजाको आदर गर। १८ कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधीनमा बस। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधीनमा मात्र होइन, तर निर्दयीहरूका अधीनमा पनि। १९ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। २० किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो के छ र तर तिमीहरूले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। २२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।"

१ पत्रुस ५:१-५ "१ ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। २ तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, ३ तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। ४ र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ। ५ त्यसै गरी जवान हो, बूढ़ापाकाहरूका अधीनमा बस। एक-अर्काको अधीनमा रहेर तिमीहरू सबैले नम्रताको वस्त्र धारण गर। किनभने, "परमेश्वरले अहङ्कारीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।"

प्रसाशकहरू र आफूहरूले पाएका अधिकारलाई उचित रूपमा सदुपयोग गर्नुको उद्देश्य के हो भनेर दुवै पत्रुस र पावलले छलफल गर्दछन्। सरकारमा भएका शासकहरू र धार्मिक अगुवाहरूले पाएका अधिकारहरूको मुनिरहेर पत्रुस र इसाईहरूले भयङ्कर सतावट खप्नु परेको थियो। त्यस्तो भयावह परिस्थितिमा पनि इसाईहरूको दायित्व कस्तो हुनुपर्छ भन्ने पत्रुस र पावलको निर्देशनलाई झन अर्थपूर्ण मान्नुपर्छ (१ पत्रुस २:१३-१७, रोमी १३:१-७)। जतिसुकै अत्याचार गर्ने शासकहरू किन नहुन्, तिनीहरू परमेश्वर आफैले राख्नुभएको हो भनेर पत्रुस र पावलले जिकिर गर्दछन्। ती प्रशासकहरूको काम दुष्ट काम गर्नेहरूलाई नियन्त्रण गर्ने हो। हो, समय समयमा शासकहरू समस्याका जडहरू पनि हुन सक्छन्। पत्रुसको समयमा

आफू र अरू इसाईहरूले यातना भोग्नुपरेको थियो। समय बित्दै जाँदा त इसाईहरूले झन झन महाकष्ट भोग्नु परेको थियो।

तर जे भएतापनि सरकारको काम भनेको देशमा कानुन लगाएर व्यवस्थित ढँगले चलाउनु हो ताकि सर्वसाधारण जनताहरू सुरक्षित होउन्। सुशासन मानव जगतलाई परमेश्वरले दिनुभएको एक आशिष हो।

चर्च पनि नियमवद्ध र व्यवस्थित ढँगले चल्नु आवश्यक छ भनेर दुवै पत्रुस र पावलले जोडदार विश्वास गरेकोमा कुनै शङ्का छैन (१ पत्रुस १४:४०)। "तिमीहरूको रेखदेखमा छोडिएका बगाल तथा विश्वासीहरूको निम्ति असल गोठालो हुन पत्रुसले चर्चका अगुवाहरूलाई अनुरोध गर्दछन् (१ पत्रुस ५:२ रूपान्तरित)। गोठालाहरूले चर्चका सदस्यहरूलाई अगुवाई गर्नुपर्छ र तिनीहरूको राम्रोसँग हेरचाह गर्नुपर्छ। स्थानीय चर्चहरूलाई व्यवस्थित ढँगले चलाउनु आवश्यक छ। असल अगुवाहरूले चर्चलाई उपलब्धिमूलक तरिकाले चलाउन योजना र लक्ष्यहरू उपलब्ध गराउँछन्। विश्वासीहरूलाई एकै ठाउँमा ल्याउन र कामको निम्ति एकत्रित पार्न गराउन असल अगुवाहरू सक्षम् हुन्छन्। चर्चमा विभिन्न सदस्यहरूको विभिन्न दक्षताहरू हुन्छन्। ती दक्षताहरूको पहिचान गरि असल अगुवाले परमेश्वरको महिमाको निम्ति तिनीहरूमा भएका आत्मिक बरदानहरूलाई परिचालन गर्न सहयोग गर्छन्।

**पहिलो पत्रुस ५:५मा पत्रुसले "एक आपसमा भाऊ नखोज्ने आत्माको लुगा लगाऊ" भनेर भन्दछन्। पत्रुसको त्यो निर्देशनलाई हामीले कसरी पालन गर्ने? अरू मानिसहरूसँग कारोबार गर्दा त्यो नीति तपाईंले कसरी लागु गर्न सक्नुहुन्छ?**

## ५. बाइबलको महत्त्व (२ पत्रुस १:१६-२०)

**देहायका पदहरू पढ्नुहोस्। तिनीहरूले बाइबलको बारेमा के भन्दछ? हामीहरूको जीवनको निम्ति र परमेश्वरमाथि हामीहरूको विश्वास थामीराख्नको निम्ति बाइबल कतिको महत्त्वपूर्ण रहेछ भनेर ती पदहरूले हामीलाई कसरी बताउँछन्? हेर्नुहोस्:**

**१ पत्रुस १:१०-१२ "१० तिमीहरूका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताहरूले यही मुक्तिको खोजी र तलाश गरेका थिए। ११ तिनीहरूभित्र हुनुभएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र**

परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका थिए। १२ तिनीहरूलाई यो प्रकट गरिएको थियो, कि तिनीहरूले आफ्ना होइन, तर तिमीहरूका सेवा गरिरहेका थिए। यी कुरा स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट तिमीहरूलाई प्रचार भएको सुसमाचार सुनाउनेहरूद्वारा अहिले तिमीहरूलाई घोषणा भएको छ। स्वर्गदूतहरू पनि यी कुरा हेर्न अति उत्सुक छन्।"

२ पत्रुस १:१६-२१ "१६ किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" १८ त्यस पवित्र डाँड़ामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैले सुनेका थियौं। १९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।

२ पत्रुस ३:२ "पवित्र अगमवक्ताहरूका अगमवाणी र तिमीहरूका प्रेरितहरूद्वारा दिइएको प्रभु र मुक्तिदाताको आज्ञालाई तिमीहरूले सम्झनुपर्छ।"

२ पत्रुस ३:१४-१६ "१४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतिक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर। १५ हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे। १६ उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्।

आफ्नो दोस्रो पत्रमा पत्रुसले बाइबलसम्बन्धी उल्लेख गर्दा त्यसको दुई आधिकारिक स्रोतलाई जनाउँछन्। "विगत समयमा पवित्र अगमवक्ताहरूले बोलेका वचनहरू तिमीहरूले याद गर भन्ने म चाहन्छु। तिमीहरूका प्रेरितहरूद्वारा हामीहरूको प्रभु र मुक्तिदाताले दिनुभएको आदेशलाई पनि सम्झनु" (२ पत्रुस ३:२ रूपान्तरित)। आज पनि पवित्र अगमवक्ताहरूको मद्दतले हामीहरूको समस्याको निम्ति सहयोग र ज्ञानबुद्धि पाउने अवसर छ। त्यो आत्मज्ञानको स्रोत पुरानो करार हो। यो सत्य हो कि बर्तमान समयमा येशूका चेलाहरू अर्थात् प्रेरितहरू हामीहरूको निम्ति उपलब्ध छैन। तर तिनीहरूभन्दा अझ असल कुरो हामीसँग छ भनेर हामी केही हदसम्म भन्न सक्छौं। तिनीहरूको जीवनपछि तिनीहरूले छोडेर गएका पवित्र आत्माले भरिएका वचन वा गवाहीहरू हामीहरूसँग छ।

२ पत्रुस ३:१६मा हामीहरूको सत्य आत्मज्ञानको स्रोत बाइबल नै हो भनेर पत्रुसले आफ्ना पाठकहरूलाई सम्झाउँछन्। तर बाइबललाई मानिसहरूले गलत ढँगमा व्याख्या गर्न सक्छन् भनेर पनि पत्रुसले चेतावनी दिएका थिए। यदि कोही मानिस बाइबललाई बङ्ग्याएर आफ्नो महिमा वा भाऊ खोज्न व्याख्या गर्छ भने त्यसको नतिजा उसको निम्ति अत्यन्त नराम्रो हुनेछ भनेर आफ्ना पाठकहरूलाई पत्रुसले सतर्क गराउँछन्।

जब बाइबल अध्ययन गर्न हामी नौ वटा आधारभूत तरिकाहरू अपनाउँछौं तब पत्रुसको भनाईलाई पनि हामीले सम्झनुपर्छ। ती नौ वटा आधारभूत तरिकाहरू यी हुन्ः (१) बिनम्रभएर प्रार्थना गर्दै हामीले बाइबल पढ्नुपर्छ (२) कुनै पनि पद पढ्दा त्यो पद उल्लेख गरिएको पूरा अध्यायको अर्थसँग कसरी मिल्दोजुल्दो छ सो बुझ्न कोशिश गर्नुपर्छ। (३) फेरि बाइबलको कुन पुस्तकको अध्यायमा त्यो पद पाइएको छ सो पदले त्यस पुस्तकसँग कस्तो सम्बन्ध छ सो पनि बुझ्न खोज्नुपर्छ। (४) सम्पूर्ण बाइबलसँग त्यस पदको सम्बन्ध कस्तो छ वा त्यस पदसँग के सरोकार छ सो सोच्नुपर्छ। (५) जब कुनै पनि लेखकले बाइबलको पुस्तक, अध्याय वा पद लेख्दछन् त्यस लेखकले के भन्न खोजिरहेको वा चर्चा गरिरहेको छ सो बुझ्नुपर्छ। (६) कुनै पनि पदहरू पढ्दा त्यसको इतिहास वा पृष्ठभूमि हामीहरूले बुझ्नु आवश्यक छ। (७) आत्मिक सत्य ज्ञान भेट्टाउन हामीले बाइबल पढ्नुपर्छ। बाइबल पढ्दा हामीलाई धेरै ज्ञानबुद्धि दिँदछ वा हामीहरूको अज्ञानताको आँखा खोलिदिन्छ। बाइबलको केन्द्रविन्दु येशूको

मृत्युद्वारा हामीले पाइने मुक्ति हो भन्ने तथ्य बाइबलले देखाउनुपर्छ (१ पत्रुस १:१०-१२)। (८) बाइबलका कुनै पनि पुस्तक, अध्याय वा पदलाई पढ्दा त्यसबाट हामीले सत्य पाएको होस् भन्ने परमेश्वरको चाहनालाई हामीले आत्मसात् गर्नुपर्छ। (९) अन्तमा बाइबलका अंशहरू पढेर सत्य आत्मज्ञान थाहा पाउँदा परमेश्वरको राज्यको संरचनामा हामी बढ्न र बलियो हुन त्यसलाई हामीले हामीहरूको जीवनमा कसरी उपयोग गर्न सक्छौं सो पनि जान्ने चाहना हामीमा हुनुपर्छ।

## उपसंहारः

**थप जानकारीः** यदि हामी इसाई हौं भनेर दावी गर्छौं भने हामीहरूको इसाई जीवन कस्तो हुनुपर्छ र एक आपसमा हामीले कस्तो व्यवहार गर्ने नीति लिनुपर्छ भनेर पत्रुसले उनका पत्रहरूमार्फत हामीलाई विशेष यसरी ध्यानार्कषण गर्छन्: "सत्यलाई पालन गरेर तिमीहरूले आफूहरूलाई शुद्ध वा पवित्र बनायौ। त्यसकारण तिमीहरूको बीचमा इमान्दारी र सत्य प्रेमले घर बसालिएको छ। त्यसकारण तिमीहरू एक आपसमा हृदयदेखि गहिरोसँग प्रेम गर" (१ पत्रुस १:२२ रूपान्तरित)। सत्यलाई पालन गर्नुसँग शुद्ध वा पवित्र जीवन बिताउनु पर्ने आचारसंहितालाई पत्रुसले कसरी सम्बोधन गरेको छ सो केलाएर पढ्नु आवश्यक छ। सत्यले हामीहरूको जीवनमा आमूल परिवर्तन ल्याउनुपर्छ भनेर पत्रुसले जिकिर गर्दछन्। जब हामी येशूलाई प्रेम गरेर उहाँको पक्का भक्त हुन्छौं तब हामी यस्ता मानिसहरूमा परिवर्तन हुन्छौं जसले एक आपसमा गहिरो र शुद्ध अर्थात् सच्चा दिलले प्रेम गर्न पुग्छौं। यस आदर्शलाई हामीले पालन गर्न सक्यौं भने हामीहरूका जीवन र चर्चहरू कस्तो हुनेथियो होला के तपाईंले कल्पना गर्न सक्नुहुन्छ? चर्चका विश्वासी सदस्यहरूको बीचमा एकता ल्याउने त्यो सुत्रले के गर्छ होला सो सोच्नुहोस्।

"दाजुभाइ तथा दिदीबहिनीहरू, जब तपाईंहरू आफ्नो घरमा र चर्चमा फर्कनुहुन्छ के तपाईंले येशू ख्रीष्टको आत्मालाई बोकेर जानुहुन्छ कि? एक आपसमा आलोचना गर्ने, एक आपसमा भएका गलत कुराहरूलाई औंल्याउन र अबिश्वासको वातावरण त्यागन के तपाईं चाहना गर्नुहुन्छ? बिगतको समयमा भन्दा अहिले हामी यस्तो समयमा छौं जब हामी एक आपस मिलेर काम गरेर एक हुन आवश्यक छ। जब हामी कचकच गर्छौं र एक आपसबाट छुट्टिएर

बस्छौं तब हामीहरूलाई कमजोर बनाउँछ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजज्,* बुक २, पृ. ३७३,३७४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. परमेश्वरको दिनको अर्थात् येशूको आगमनको निम्ति हामी उत्सुक भएर हेरिरहनुपर्छ भनेर पत्रुसले हामीलाई २ पत्रुस ३:१२मा बताउँछन्। कुनै कुनै बाइबलका अनुवादहरूमा त्यस पदलाई यसरी अनुवाद गरिएको पाउँछौं "उहाँको प्रतिक्षा गरिरहनुपर्छ र त्यसको लागि छिटो छिटो तयार भएर बस्नुपर्छ"। छिटो तयार हुनुको अर्थ कुनै कुरोलाई छिटो हुन दिन खोज्नु हो। त्यसकारण त्यस धारणालाई मनमा राखेर हामी कसरी छिटो छिटो तयार हुनसक्छौं जसले गर्दा उहाँको आगमन अपेक्षा गरेको भन्दा छिटो होस्?

आ. बाइबल परमेश्वरको प्रथम पुस्तक हो भने प्रकृति परमेश्वरको दोस्रो पुस्तक हो भनेर हामी भन्दछौं। यो खेदपूर्ण कुरो छ कि दुवै पुस्तकहरूलाई मानिसहरूले गलतढँगसँग पढ्न सक्छन् वा नबुझ्ने चाहना गर्न सक्छन्। उदाहरणमा, धेरै मानिसहरूले यो विश्वास गर्दैनन् कि परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। बरू यस संसारमा धेरैवर्ष अघि भएका परिवर्तनले यहाँ जीवनको उत्पत्ति आफसेआफ सृष्टि भयो भनेर कतिले विश्वास गर्छन्। त्यस परिवर्तनलाई बिकासबादको सिद्धान्त भनिन्छ। जो मानिसले बिकासवाद सिद्धान्तको वकालत गर्छन् वा विश्वास गर्छन् संसार परमेश्वरबाट सृष्टि भएको होइन भनेर तिनीहरूले दावी गर्छन्। त्यो परमेश्वरलाई विश्वास नगर्ने मानिसहरूले हेर्ने दृष्टिकोण हो। त्यसकारण परमेश्वरको दोस्रो पुस्तकलाई हामीहरूले उचित तरिकाबाट कसरी अध्ययन गर्ने र बुझ्न खोज्ने? फेरि त्यसैबखत दोस्रो पुस्तक वा प्रकृतिले परमेश्वरको स्वभावलाई बुझाउन खोज्दा त्यसमा हामी के सिमित ज्ञान देखाउन सक्छौं? प्रथम् पुस्तक वा बाइबलले दोस्रो पुस्तक प्रकृतिलाई सहीढँगमा अध्ययन गर्न हामीलाई कसरी सहयोग गर्न सक्छ?

# सबैको आमा-भाग ३

पियर रहेको गाउँमा सुसमाचार प्रचार गर्ने कार्यक्रम गर्ने योजना चर्चले गरिरहेको छ भनेर मलाई पास्टरले भन्नुभयो। त्यसमा जान मैले पियरलाई अनुरोध गरें। पियरले जाने मञ्जुर गरे। पछि पास्टरले मलाई खबर दिनुभयो कि पियरले बप्तिस्मा लियो र चर्चमा नियमित रूपमा  आइरहेको छ। परमेश्वरको घरमा अर्को हराएको एउटा भेँडा हुल्न पाएकोमा म उहाँलाई धन्यवाद दिन्छु।

अरू कतिपय केटाहरूले पनि सहर छोडेर आफ्ना घरहरूमा जान वचन दिए। घर नफर्किने केटाहरूसँग मैले भेटघाट गरिनै रहें। मेरो वरिपरि तिनीहरूले एक घनिष्ट समूह बनाए र अरू नयाँ केटाहरूलाई तिनीहरूले हुल्न दिएन। कतिपय समयमा मलाई तिनीहरूले सतर्क गराउँथे। "ममी, त्यो केटासँग होशियार हुनुहोस। त्यसलाई विश्वास नगर्नुहोस्। त्यसले तपाईंको झोला खोस्न सक्छ।" तर मसँग रहने केटाहरूले अरू केटाहरूलाई नहुलेतापनि हामीहरूको समूह १५ जनाबाट ३० जना भएको थियो।

हरेक हप्ता ती केटाहरूलाई स्वस्थ खाना दिन मलाई गाऱ्हो हुन थालेको थियो। कतिपय समयमा धेरै खाना ल्याउन सकेको थिइन र खाना पकाउने समय पनि पाएको थिइन। ती केटाहरूको निम्ति मेरो मन रुन्थ्यो। तिनीहरूलाई निरन्तररूपमा खाना ख्वाउने मेरो औकात पनि भएन। कसै कसैले कहिलेकाहीं सहयोगको हात बढाउँथे तर मूख्य काम मैंरै हुन गएको थियो। अन्तमा मैले हप्तैपिछे खाना ख्वाउन नसक्ने भएँ भनेर तिनीहरूलाई भन्नै पर्ने वाध्यता भयो। तर तिनीहरूसँग नियमितरूपमा भेट्नेचाहीं कबुल गरें। जब म सहरमा यताउति जाँदा तिनीहरूले मलाई देख्थे तब तिनीहरूले मलाई जहिले "आमा" भनेर सम्बोधन गर्थे। तिनीहरूको निम्ति मैले निरन्तररूपमा प्रार्थना गर्दैरहें। तिनीहरू पनि स्वर्गमा परमेश्वरसँग रहन पाओस् भनेर उहाँसँग विन्ति गरिरहेछु, जहाँ खानाको कुनै अभाव हुँदैन।

***(यस कथाको लेखिका आनास्टेसी न्डा हुनुहुन्छ। उहाँ क्यामरुनको योउन्डे सहरमा सुसमाचार प्रचार गर्ने काममा लाग्नुभएको छ। सहरमा भएका  जिउ बेच्ने महिलाहरूको बीचमा पनि काम गर्नुहुन्छ। तिनीहरूलाई यस ससारमा असल जीवन बिताउन र आउने स्वर्गको निम्ति तिनीहरूलाई आशाको किरण दिइरहनुभएको छ। धेरै महिलाहरू र केटाहरूले तिनीहरूको हृदय  परमेश्वरमा सुम्पिसकेका छन्)।***